प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
गण्डकी प्रदेश, नेपाल
पोखरा

फोनः ०६१४६७७४९
०६१४६७८०८
०६१४६७८०९

संख्याः ०७५/७६ O/C मितिः २०७६/०३/०९
चलानी नं. ५४३

**विषयः आन्तरिक लेखापरीक्षण कार्यको अधिकार प्रत्यायोजन।**

कोष तथा लेखा नियन्त्रक कार्यालय
गण्डकी प्रदेशका सबै जिल्लास्थित।

यस प्रदेश अन्तर्गतका कार्यालयहरुको बजेट निकासा लगायतको कार्य प्रदेश लेखा इकाई कार्यालयहरु स्थापना गरी सम्पादन गरिने भन्ने व्यवस्था भए तापनि हाल उक्त कार्यालयहरु स्थापना नभएको र सो सम्बन्धी कार्य संघीय सरकारको निर्णय अनुसार सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयहरुबाट हुँदै आएकोमा गण्डकी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ ले दिएको अधिकार प्रयोग गरी यस प्रदेश अन्तर्गत त्यस जिल्लास्थित रहेका सबै प्रदेशस्तरीय कार्यालयहरु, गण्डकी प्रदेशबाट बजेट बिनियोजन भएका संघीय कार्यालयहरुका सम्बन्धित वजेट उपशीर्षकहरु अन्तर्गत यस आ.व. २०७५/७६ को राजस्व, बिनियोजन, धरौटी तथा विविध तर्फका आर्थिक कारोवारहरुको नियमितता, मितव्ययिता, कार्यदक्षता प्रभावकारिता तथा गणीतीय शुद्धतासमेतका आधारमा आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गर्न र ताहास्थित स्थानीय तहहरुलाई प्रदेशबाट दिएको बजेट अख्तियारी रकमको समेत निकासा भिडाई तोकिएको समय भित्र प्रतिवेदन गर्ने गरी कार्य सम्पादन गर्न यस कार्यालयको मिति २०७६/०३/०९ को निर्णय अनुसार प्रदेश लेखा इकाई कार्यालयकोरूपमा कार्य गर्ने ताहास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अधिकार प्रत्यायोजन गरेको व्यहोरा अनुरोध छ।

**बोधार्थः**

श्री महालेखापरीक्षकको कार्यालय, हरिहरभवन, पुल्लोक, ललितपुर
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, गण्डकी प्रदेश, नेपाल, पोखरा

३।९

.....................
जयराम पौडेल
प्रदेश लेखा नियन्त्रक